# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-५३

# Overview of Weekly Media Study Vol. 53


**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


**PDF पठ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८२ माघ ११ गते, आइतवार

## साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप - भाग ५३

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन २०८२ साल माघ ५ गतेदेखि माघ ११ गतेसम्म प्रकाशित प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रसारित समाचार, विचार, विश्लेषण तथा लेखहरूको गहन अध्ययनपछि तयार गरिएको हो । यस प्रतिवेदनमा उक्त अवधिमा प्रकाशित सकारात्मक, पठनीय तथा रचनात्मक सामग्रीहरू समेटिएका छन् ।

यस अवधिमा नेपालका मिडियाले– सरस्वती पूजामा अक्षरारम्भ संस्कार; ज्ञानको ज्योति फैलाउने पर्व; श्रीपञ्चमी : प्रकृति, प्रेम र प्रज्ञाको त्रिवेणी; बाटोका देउता; राष्ट्रपति पौडेलले गरे वसन्त श्रवण; श्रीस्वस्थानी : राष्ट्रनिर्माणको आध्यात्मिक सूत्र; स्वस्थानीका व्रतालुद्वारा त्रिवेणीमा स्नान; माघ शुक्ल प्रतिपदा, हर्षोल्लासपूर्वक मनाइँदै सोनाम ल्होसार; मधेशमा बालेन : जानकी मन्दिरमा पूजा, शहीदप्रति श्रद्धाञ्जली; जानकी मन्दिरको आरतीमा बालेन र अमरेश, बिहानै पुगेर गरे पूजाअर्चना; ज्ञानेन्द्र र कोमल जानकी मन्दिर दर्शन गर्न जाने; युवापुस्ताको आकर्षण बन्दै 'थारू संस्कृति'; पाथीभरा पुगे बालेन; अप्प दीपो भवः यात्रा मायादेवी मन्दिर पुगेर समापन; माघ स्नानको माहात्म्य; सोनाम ल्होसारको रौनक; माघ शुक्ल प्रतिपदाः हिमालसँगै उक्लँदै नेपाली माउन्टेन गाइडको पहिचान, विदेशीको नजरमा भरिया होइन, नेतृत्वकर्ता; रूरूक्षेत्र धार्मिक पर्यटकीय गन्तव्य बन्दै; पर्यटन सुरक्षा प्रणाली लागू गर्न अभिमुखीकरण; माट्का हेलसिन्कीमा नेपालको पर्यटन प्रवर्द्धन; लुम्बिनीमा शुरु भयो व्यवस्थित पर्यटक सूचना केन्द्र; मनास्लु क्षेत्रमा बढ्यो पर्यटकको चहलपहल; लगायतका विषयवस्तुहरू समेटिएका छन् ।

अन्तरदेशीय, कूटनीतिक, लोकतान्त्रिक तथा सामाजिक समाचारतर्फ– नेपाल-भारतबीच निकासी गरिने वस्तु आइपुग्नु अघि सूचना आदान-प्रदानसम्बन्धी सम्झौता; चुनावका लागि भारतबाट आइपुगे ६१ वटा गाडी; भारत र यूरोपेली संघ अहिलेसम्मकै महत्वपूर्ण व्यापार सम्झौताको तयारीमा; विश्व सम्बन्धमा आयाम; हरि बुढा बने विश्वकै पहिलो 'डबल एम्प्युटी' सेनभ समिट आरोही, अपांगता सचेतनामा नयाँ इतिहास; भूराजनीतिक शक्ति प्रतिस्पर्धाको चपेटामा नेपाल; भारतका स्वास्थ्यकर्मीमा निपाह भाइरस संक्रमण, नेपाल कति सुरक्षित ?; प्रजातन्त्रका अथक योद्धा; सिस्टम (ले) नचल्ने देश !; कांग्रेसको आन्तरिक लोकतन्त्र : गगन र विश्वले खोलेको 'जाम'; कम्युनिस्टहरू विदेशी देखाउँथे, अब त कांग्रेस पनि; राजनीतिमा नैतिक मूल्य; नागरिक विवेकको परीक्षा; प्रत्यक्ष निर्वाचनमा महिलालाई न्यून स्थान, नेत्रीहरू भन्छन्, 'चित्त दुख्छ तर...'; मतदाताको विवेकमा निर्वाचन; निर्वाचनमा नैतिक प्रतिस्पर्धा; शिक्षामा प्रतिभा व्यवस्थापन; मतदाता शिक्षा लोकतन्त्रको ऊर्जा; राष्ट्रिय सभा निर्वाचन : सातै प्रदेशमा मतदान सुरु; सशस्त्र प्रहरी बलः लोकतन्त्रमै जन्मियो, हुर्कियो; सुदूरपश्चिममा महिलाको उम्मेदवारी न्यून; योग्य उम्मेदवार छान्नुस्; सामाजिक सञ्जालमाथि निगरानी बढाइँदै; दलहरूमा आन्तरिक लोकतन्त्रको विचलन; आज्ञाचक्रः मनुष्य जीवनको नेता; तात्दो राजनीति, साँघुरा राष्ट्रिय विकल्प; विप्रेषणको रणनीतिक प्रयोग; नारीकेन्द्रित उपन्यास 'कुन्ती'; शिक्षकमा हुनुपर्ने आधारभूत ज्ञान लगायतका विषयवस्तुहरू पनि समेटिएका छन् ।

यस साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनमा समेटिएका विषयवस्तुहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक, सान्दर्भिक तथा रणनीतिक मुद्दाहरूको स्पष्ट, तथ्यपरक र व्यवस्थित विश्लेषण प्रस्तुत गरेका छन् । यो प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, पाठक तथा सञ्चारकर्मीहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास लिएका छौँ ।

**Date: 2082 Magh 11, Sunday**

# Weekly Media Study Summary– Part 53

This Weekly Media Study Report, presented by Nepal Samwad Kendra, has been prepared after an in-depth review of news reports, opinions, analyses and articles published or broadcasted in major national daily newspapers, online portals, print media and television outlets from **Magh 5 to Magh 11, 2082 BS.** The report incorporates positive, informative and constructive content published during this period.

During this timeframe, Nepali media covered topics such as: *"The Aksharārambha (initiation into learning) ritual during Saraswati Puja, The festival spreading the light of knowledge, Shree Panchami as a confluence of nature, love and wisdom, Bato Ka Deuta (roadside deities), President Paudel attending Basanta Shravan, Shree Swasthani as a spiritual formula for nation-building, Devotees taking holy dips at Triveni during the Swasthani fast, Sonam Lhosar celebrated with enthusiasm on Magh Shukla Pratipada, Lhosar celebrations by the Tamang community, Grand Sonam Lhochhar celebrations in Dharan, Balen's visit to Janaki Temple in Madhesh and tribute to martyrs, Participation of Balen and Amaresh in Janaki Temple aarti, Gyanendra and Komal visiting Janaki Temple, Tharu culture gaining popularity among youth, Balen's visit to Pathibhara, The 'Appa Deepo Bhava' journey concluding at Maya Devi Temple, Significance of Magh bathing rituals, The rising identity of Nepali mountain guides; seen not as porters but as leaders by foreigners, Ruru Kshetra emerging as a religious-tourism destination, Orientation for implementing tourism security systems, Promotion of Nepal's tourism in Matka Helsinki, Operation of a systematic tourist information center in Lumbini and Increased tourist movement in the Manaslu region"* among other subjects.

In the area of international, diplomatic, democratic and social affairs, media coverage included: *"An agreement between Nepal and India on pre-arrival information exchange for export goods, Systematic exchange of export-related information between Nepal and India, Arrival of 61 vehicles from India for election purposes, Preparations for a significant trade agreement between India and the European Union, New dimensions in global relations, Hari Budha becoming the world's first double amputee Seven Summit climber; a new milestone in disability awareness, Nepal caught in geopolitical power competition, Nipah virus infection among health workers in India; how safe is Nepal?, Tireless warriors of democracy, A nation where "the system doesn't function!", Internal democracy in Congress: the 'jam' exposed by Gagan and Bishwo, Communists used to blame foreigners and now Congress too, Moral values in politics, The test of civic conscience, Low representation of women in direct elections; women leaders say, 'It hurts, but…', Voter conscience in elections, Ethical competition in elections, Talent management in education, Voter education as the energy of democracy, National Assembly elections; voting begins in all seven provinces, Armed Police Force - born and raised in democracy, Low female candidacy in Sudurpaschim, Choose capable candidates, Increased monitoring of social media, Deviation in internal democracy within political parties, Ajna Chakra: the leader of human life, Heated politics and narrow national alternatives, Strategic use of remittances, Women-centered novel 'Kunti', and Fundamental knowledge required in teachers"* among other themes.

The issues covered in this Weekly Media Study Report presents clear, factual and systematic analyses of national and international contemporary, relevant and strategic matters. We believe this report will serve as a useful reference resource for researchers, policymakers, readers and media professionals.

## २०८२ माघ ५ गतेदेखि माघ ११ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### सरस्वती पूजामा अक्षरारम्भ संस्कार

प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन मनाइने श्रीपञ्चमी विद्याकी अधिष्ठात्री देवी सरस्वतीको विधिपूर्वक पूजा आराधना गरी शुक्रबार देशभर मनाइँदैछ । वसन्त पञ्चमीका दिन सरस्वतीको पूजा गरे विद्या बुद्धि बढ्ने विश्वास रहेको छ । आज देशभरका सरस्वती मन्दिरमा पूजा आराधना गर्न श्रद्धालुको भीड लाग्छ । बाँकी.. स्रोत : **https://gorkhapatraonline.com/news/189121**

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1855389/today-sri-panchami**

### ज्ञानको ज्योति फैलाउने पर्व

सरस्वती माता ज्ञान-विज्ञान, कला-शिल्प, सङ्गीतकी देवी हुन् । हिन्दु संस्कृतिमा माघ शुक्ल पञ्चमीमा श्रीपञ्चमी पर्व मनाइन्छ । यस पर्वलाई सरस्वती पञ्चमी एवं वसन्तपञ्चमी पनि भनिन्छ । यस पर्वको दिन विद्याकी अधिष्ठात्री देवी सरस्वतीको जन्म जयन्तीको रूपमा देशभरिका सरस्वती मन्दिरमा पूजा, उपासना र निम्न स्तुति पाठ गरेर सम्झन्छौँ, 'शुक्लां ब्रह्म विचार सार परमांमाद्यां जगद्व्यापिनीं । बाँकी..

स्रोत : **https://gorkhapatraonline.com/news/189090**

### श्रीपञ्चमी : प्रकृति, प्रेम र प्रज्ञाको त्रिवेणी

माघ शुक्ल पञ्चमीको पावन तिथिलाई हामी 'श्रीपञ्चमी' वा 'वसन्त पञ्चमी' का रूपमा उत्साहका साथ मनाउँछौँ । यो दिन प्रकृति र ज्ञानको अनुपम मिलनको उत्सव हो । जाडोको कठ्याङ्ग्रिने सिरेटो बिस्तारै कम हुँदै जाँदा, चराचर जगतमा 'ऋतुराज वसन्त'को आगमनको शङ्खघोष यही दिनबाट हुन्छ । बाँकी..

स्रोत : **https://samwadkhabar.com/news/13810**

### बाटोका देउता

काठमाडौँ मन्दिरै मन्दिरको सहरका रूपमा परिचित छ। यस सहरमा सानाठूला गरी सयौँको सङ्ख्यामा मठमन्दिर रहेका छन्। धार्मिक आस्था र विश्वासका कारणले पनि घरको मूलढोकादेखि सडक बाटो, खोला किनार र सार्वजनिक स्थलमा जतातातै आकर्षक मठमन्दिर यहाँ देख्न सकिन्छ। मठमन्दिरप्रतिको अगाध आस्था, सांस्कृतिक महत्व र सामाजिक एकता कति धेरै गाढा रहेको छ भने सार्वजनिक सडकका बीचमा पर्ने देवीदेउताका मन्दिरको महत्व उत्तिकै छ। बाँकी..

स्रोत : **https://gorkhapatraonline.com/news/188845**

### राष्ट्रपति पौडेलले गरे वसन्त श्रवण

राष्ट्रपति रामचन्द्र पौडेलले वसन्त श्रवण गरेका छन् । यस वर्षको श्रीपञ्चमी (वसन्त पञ्चमी) को अवसरमा शुक्रवार बिहान हनुमानढोका दरबारस्थित नासलचोकमा आयोजित विशेष समारोहमा पौडेलले वसन्त श्रवण गरेका हुन् । सो अवसरमा हनुमानढोका हेरचाह अडडाका मूल पुरोहितले राष्ट्रपति पौडेललाई अभिषेक, टीका, माला र फूलप्रसाद प्रदान गरे । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1855526/president-pou**

स्रोत : **https://www.ratopati.com/story/539381/president-paudel-con**

## श्रीस्वस्थानी : राष्ट्रनिर्माणको आध्यात्मिक सूत्र

श्रीस्वस्थानी व्रतकथाको प्रतीकारात्मक व्याख्यान प्रस्तुत गरी नवपिँढीलाई आफ्नो मौलिकशास्त्र, नेपाल धर्तीको गौरवग्रन्थ श्रीस्वस्थानीलाई सुप्रचार गर्न सक्छौं । हुन त सबैजसो शास्त्र र धार्मिक ग्रन्थले नेपाल, भारतलगायत दक्षिण एसियाली मुलुकहरूका प्रायः भूभागलाई भारत वर्ष भन्ने शब्द प्रयोग गरेका छन् । बाँकी.. स्रोत : **https://annapurnapost.com/story/492666/**

## स्वस्थानीका व्रतालुद्वारा त्रिवेणीमा स्नान

पौष शुक्ल पूर्णिमादेखि व्रत बसेका स्वस्थानीका व्रतालुहरूले आज काभ्रेको पनौतीस्थित त्रिवेणी नदीमा स्नान गरेका छन् । एक महिने माधवनारायण स्वस्थानीको व्रत बसेका व्रतालुहरूले प्रदेश यात्रा अन्तर्गत आज त्रिवेणीमा स्नान गरी माधव नारायणको पूजा गरेका हुन् । बाँकी..

स्रोत : **https://www.ratopati.com/story/539134/swasthani-devotees-bathe-in**

## माघ शुक्ल प्रतिपदा, हर्षोल्लासपूर्वक मनाइँदै सोनाम ल्होसार

तामाङ समुदायले प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाका दिन मनाउने सोनाम ल्होसार अर्थात् नयाँ वर्ष पर्व आज विविध कार्यक्रम गरी मनाउँदै छन् । मञ्जुश्री पात्रो अनुसार आजदेखि २८६२ औं वर्ष सुरु भएको छ । आजदेखि सर्प वर्ष पूरा गरी घोडा वर्ष प्रवेश हुन्छ । मुसा, गाई, बाघ, खरायो, ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर गरी १२ वर्गमा सोनाम ल्होसारलाई विभाजन गरिएको छ । बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/01/19/today-is-magh-shukl**

## मधेशमा बालेन : जानकी मन्दिरमा पूजा, शहीदप्रति श्रद्धाञ्जली

सभालाई सम्बोधन गर्न मधेशको राजधानी जनकपुरधाम आएका रास्वपा नेता बालेन शाहले जानकी मन्दिरमा पूजा गरी आजको दिन सुरुवात गरेका छन् । जनकपुरधामबाट उनी मधेश आन्दोलनका शहीदप्रति श्रद्धाञ्जली अर्पण गर्न लहान पुगेका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1851800/balen-in-madhesh-**

## जानकी मन्दिरको आरतीमा बालेन र अमरेश, बिहानै पुगेर गरे पूजाअर्चना

काठमाडौँ महानगरपालिकाका पूर्वमेयर तथा रास्वपा नेता बालेन्द्र शाह (बालेन) आज बिहानै जनकपुरधामस्थित ऐतिहासिक जानकी मन्दिर पुगेका छन् । मन्दिरमा नियमित हुने बिहानी आरतीमा सहभागी हुन बालेन त्यहाँ पुगेका हुन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/538198/balen-and-amaresh-a**

## ज्ञानेन्द्र र कोमल जानकी मन्दिर दर्शन गर्न जाने

पूर्वराजा ज्ञानेन्द्र शाह जानकी मन्दिर दर्शनका लागि जनकपुरधाम जाने भएका छन् । शाह यही माघ १२ गते जनकपुरधाम जाने कार्यक्रम तय भएको उनको सचिवालयले जनाएको छ । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1854379/gyanendra**

## युवापुस्ताको आकर्षण बन्दै 'थारू संस्कृति'

दाङको घोराही उपमहानगरपालिका-१७, गुलरियाका अशोककुमार चौधरीलाई आफ्नै मौलिक संस्कृतिप्रतिको मोह सानैदेखि थियो। विशेष गरी मादल बजाउने र नाच्ने इच्छा भए पनि परम्परागत शैलीमा सिप नहुँदा लामो समयसम्म त्यो रहर मनमै सीमित रह्यो तर यस वर्ष अशोकले त्यो अधुरो सपना पूरा गर्नुभएको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/189215**

## मधेशमा बालेन : जानकी मन्दिरमा पूजा, शहीदप्रति श्रद्धाञ्जली

सभालाई सम्बोधन गर्न मधेशको राजधानी जनकपुरधाम आएका रास्वपा नेता बालेन शाहले जानकी मन्दिरमा पूजा गरी आजको दिन सुरुवात गरेका छन् । जनकपुरधामबाट उनी मधेश आन्दोलनका शहीदप्रति श्रद्धाञ्जली अर्पण गर्न लहान पुगेका छन् । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1851800/balen-in-madhesh-worship**

## पाथीभरा पुगे बालेन

बालेन चुनाव प्रचारको सिलसिलामा पूर्वी पहाडी जिल्लाको यात्रामा छन् । त्यसैक्रममा श्रीपञ्चमीको दिन पाथीभरा माताको दर्शन गरेका हुन् । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1855458/balen-**

स्रोत : **https://www.ratopati.com/story/539365/balens-election-campai**

## अप्प दीपो भवः यात्रा मायादेवी मन्दिर पुगेर समापन

पशुपतिनाथ मन्दिरबाट सुरु भएको 'अप्प दीपो भवः यात्रा' बुद्ध जन्मभूमि लुम्बिनीस्थित मायादेवी मन्दिरमा पुगेर सफलतापूर्वक सम्पन्न भएको छ । 'आफ्नो प्रकाश आफैं बन' भन्ने गौतम बुद्धको सूत्रवाक्यलाई आत्मसात् गर्दै लेखक अशोक सिलवाल यस यात्रामा निस्किएका थिए । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1854959/aap-deepo-bhava-yatr**

## माघ स्नानको माहात्म्य

विक्रम संवतको पौष महिनापछि माघ महिना सुरु हुन्छ । सनातन क्यालेन्डर अनुसार, विक्रम संवतको एघारौं चन्द्र महिना र दसौँ सौर्य महिनालाई माघ महिना भनिन्छ । मघा नक्षत्रयुक्त पूर्णिमा हुने भएको कारणले गर्दा यो महिनाको नाम माघ राखिएको हो । शास्त्र-पुराणहरूले माघ महिनाको महत्त्व निकै वर्णन गरेको देखिन्छ । माघ महिना सुरु हुने बित्तिकै शुभ घटनाहरू आयोजना गर्न थालिन्छन् । बाँकी..

स्रोत : **https://www.ratopati.com/story/538289/the-greatness-of-magh-bathing**

## सोनाम ल्होसारको रौनक

तामाङ समुदायले प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाका दिन मनाउने सोनाम ल्होसार अर्थात् नयाँ वर्ष पर्व आज विविध कार्यक्रम गरी मनाएका छन् । यस अवसरमा आइतबारदेखि नै काठमाडौंको टुँडिखेलमा ल्होसार महोत्सव आयोजना गरिएको थियो । महोत्सवअन्तर्गत तामाङ समुदायका ताम्बा, बोन्बो र लामाहरूको विशेष सांस्कृतिक झाँकी, परम्परागत गीत तथा नृत्य प्रस्तुत गरिएको छ । बाँकी..

स्रोत : **https://ekantipur.com/photo_feature/2026/01/19/the-splendor-of-**

## माघ शुक्ल प्रतिपदाः हर्षोल्लासपूर्वक मनाइँदै सोनाम ल्होसार

तामाङ समुदायले प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाका दिन मनाउने सोनाम ल्होसार अर्थात् नयाँ वर्ष पर्व आज विविध कार्यक्रम गरी मनाउँदै छन् । मञ्जुश्री पात्रो अनुसार आजदेखि २८६२ औँ वर्ष सुरु भएको छ । आजदेखि सर्प वर्ष पूरा गरी घोडा वर्ष प्रवेश हुन्छ । बाँकी..

स्रोत : **https://www.ratopati.com/story/538179/magh-shu**

## तामाङ समुदायले मनाए ल्होसार

काठमाडौँको टुँडिखेलमा तामाङ समुदायले सोनाम ल्होसार पर्व मनाएको छ । तामाङ जातिको बाहुल्य रहेको बागमती प्रदेशका विभिन्न जिल्लामा यो पर्व विशेष रूपमा मनाइन्छ । राजधानीको टुँडिखेलमा विशेष कार्यक्रमको आयोजना गरी सोनाम ल्होसार मनाइएको हो । ड्रागन वर्षको बिदाइ गरी आजदेखि घोडा वर्ष सुरु भएको छ । प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाका दिन विभिन्न कार्यक्रम गरी सोनाम ल्होछार मनाइन्छ । बाँकी.. स्रोत : **https://gorkhapatraonline.com/news/188616**

## धरानमा सोनाम ल्होछार भव्य रूपमा सम्पन्न

नेपाल तामाङ घेदुङ धरान उपमहानगर कार्यसमितिले २८६२ औँ अग्नी पुरुष घोडा वर्ष सोनाम ल्होछारको अवसरमा बृहत् सांस्कृतिक झाँकी र्‍यालीसहित भव्य रुपमा मनाएको छ । सोमबार नगर समितिको आयोजनामा धरानका २० वटै वडाहरू तथा विभिन्न गुम्बाबाट तामाङ समुदायको मौलिक संस्कार, संस्कृति र भेषभूषा झल्किने झाँकीसहित र्‍याली निकालिएको थियो । बाँकी..

स्रोत : **https://ekantipur.com/koshi-pradesh/2026/01/19/sonam-lhochhar-cele**

## म्यानमारको गुम्बामा नेपाली सहयोगको अर्थ

२८ पुसको नेपाल सरकारको मन्त्रिपरिषद्को बैठकले मित्रराष्ट्र म्यानमारमा गत वर्ष गएको भूकम्पबाट क्षतिग्रस्त महामुनि फैया ( बौद्ध प्यागोडा ) को अभिलेखालय र गंगाघाट मन्दिरको पुनर्निर्माणका लागि तीन लाख ५० हजार अमेरिकी डलर सहयोग उपलब्ध गराउने निर्णय गर्‍यो । २८ मार्च २०२५ मा म्यानमारको दोस्रो ठूलो सहर मन्डालयनजिकै केन्द्रबिन्दु रहेको भूकम्पबाट म्यानमारमा मात्र पाँच हजार ३५२ जनाको मृत्यु भएको थियो भने छिमेकी थाइल्यान्डमा १०३ जनाले ज्यान गुमाएका थिए । बाँकी..

स्रोत : **https://nepalnews.com/2026/01/20/the-meaning-of-nepali-assistance-to-m**

## हिमालसँगै उक्लँदै नेपाली माउन्टेन गाइडको पहिचान, विदेशीको नजरमा भरिया होइन, नेतृत्वकर्ता

हिमाल चढ्ने सपना बोकेर नेपाल आउने विदेशी आरोहीका लागि कुनै समय नेपालीहरू भारी बोक्ने भरियाका रूपमा मात्र चिनिन्थे । कठोर मौसम, जोखिमपूर्ण बाटो र जीवन मृत्युको सीमामा उभिँदा निर्णय गर्ने अधिकार भने सधैँ विदेशी गाइडकै हातमा हुन्थ्यो । तर समय फेरिएको छ ।

आज हिमालसँगै नेपाली माउन्टेन गाइडको पहिचान पनि उक्लिँदै छ । अन्तर्राष्ट्रिय मापदण्डबाट प्रमाणित नेपाली गाइडहरू अब विदेशीका नजरमा सहयोगी होइन, आरोहणको नेतृत्व गर्ने विश्वसनीय पात्र बनेका छन् । बाँकी.. स्रोत : **https://www.capitalnepal.com/detail/73102**

## रूरूक्षेत्र धार्मिक पर्यटकीय गन्तव्य बन्दै

हिन्दू धर्मावलम्बीका लागि विशेष आस्थाको केन्द्र मानिने रूरूक्षेत्र पछिल्लो समय धार्मिक पर्यटकीय क्षेत्रका रुपमा विकासित हुँदैछ । गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको सङ्गमस्थल कालीगण्डकी नदीको तटमा अवस्थित रुरुक्षेत्रलाई हिन्दूहरुको पवित्र तीर्थस्थलका रुपमा लिइन्छ । यहाँ हरेक वर्ष जेठी, माइली र कान्छी गरी तीन दिनसम्म माघेसङ्क्रान्ति पर्व मनाइने प्रचलन छ । बाँकी..

स्रोत : **https://tourismpana.com/ruru-kshetra-is-becoming-a-religious-tourist-destination/**

## पर्यटन सुरक्षा प्रणाली लागू गर्न अभिमुखीकरण

अध्यागमन विभागले विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली (एफएनएमआइएस) कार्यान्वयनका लागि सौराहामा अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ । विभागले गत पुस १७ गतेदेखि काठमाडौँ उपत्यकाभित्रका तारे होटलहरूमा अनिवार्य रूपमा उक्त प्रणालीको शुभारम्भ गरिसकेको छ। बाँकी..

स्रोत : **https://newspolar.com/archives/399891**

## पर्यटकको सुरक्षाका लागि सूचना प्रणाली लागू

सौराहामा आइतबार अध्यागमन विभागले कार्यान्वयनमा ल्याएको विदेशी नागरिक व्यवस्थापन सूचना प्रणालीको प्रभावकारिताबारे अभिमुखीकरण कार्यक्रम गरिएको छ। बाँकी..

स्रोत : **https://www.chitwanpost.com.np/20260119-42283**

## बुढीगण्डकीलाई जुट्यो एक खर्ब अठसट्ठी अर्ब

बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि इन्धनबाट पूर्वाधार विकास करबापत एक खर्ब ६८ अर्ब रुपियाँ सङ्कलन भएको छ । आर्थिक वर्ष २०७२/७३ देखि आव २०८२/८३ को पुस १५ सम्म सो बराबरको रकम सङ्कलन भएको नेपाल आयल निगमले जनाएको छ । पूर्वाधार विकास र बुढीगण्डकी जलविद्युत् आयोजना निर्माण शीर्षकमा सो रकम सङ्कलन गरिँदै आएको छ। बाँकी..

स्रोत : **https://gorkhapatraonline.com/news/188675**

## माट्का हेलसिन्कीमा नेपालको पर्यटन प्रवर्द्धन

नेपाल पर्यटन बोर्डले नर्डिक क्षेत्रको सबैभन्दा ठूलो पर्यटन मेला माट्का २०२६ मा नेपाल प्रवर्द्धन गरेको छ। फिनल्यान्डको हेलसिन्की एक्स्पो तथा कन्भेन्सन सेन्टरमा १५ देखि १८ जनवरी २०२६ सम्म आयोजना भएको मेलाले नर्डिक बजारमा नेपाललाई साहसिक, प्रकृतिमुखी, सांस्कृतिक तथा दिगो पर्यटन गन्तव्यका रूपमा थप सुदृढ रूपमा स्थापित गर्न सहयोग पुऱ्याएको बोर्डको भनाइ छ। बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1851593/nepals-to**

## दुनाटपरी गाँस्न भ्याइनभ्याइ

कोही पात टिप्ने, कोही मुठा पार्ने, कोही बाँसका कप्टेरा चिरेर सिन्का बनाउने त कोही लाफा गाँस्ने अनि कोही चाहिँ ओइलाएका पात मिलाएर मेसिनमा पेल्दै टपरी निकाल्ने । फिदिम-४ को पात्ले सामुदायिक वन उपभोक्ता समूह आबद्ध आमा, दिदीबहिनीको दिनचर्या हो यो। बाँकी..

स्रोत : **https://gorkhapatraonline.com/news/188527**

## हिउँदको कठ्याङ्ग्रिने चिसोमा भोटेकोसी नदीमा र्‍याफ्टिङ, तस्बिरहरु

सामान्यतया गर्मी बढेसँगै सिन्धुपाल्चोकको सुकुटे क्षेत्रस्थित तल्लो भोटेकोसी (सुनकोसी) नदीमा जलयात्रा अर्थात् राफ्टिङका लागि आन्तरिक पर्यटकको चाप बढ्ने गर्छ । गर्मी छल्न र नदीसँग रमाउँदै बिदा मनाउन उपत्यकाबासीका लागि सुकुटे प्रम । गन्तव्य मानिन्छ । प्रायः फागुनको मध्यदेखि असार-साउनको मध्यसम्म यहाँ राफ्टिङ हुने गर्दछ । बाँकी..

स्रोत : **https://www.ratopati.com/story/538304/rafting-on-t**

## पर्यटकको रोजाइमा म्याग्दीको रत्नेचौर

म्याग्दी- बेनी नगरपालिका-१ रत्नेचौर पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । केही वर्षअघिसम्म रातो माटो र कृषि उत्पादनमा आश्रित रत्नेचौर पर्यटकीय गाउँका रूपमा चिनिन थालेको छ । कात्तिकदेखि माघसम्म यहाँ आन्तरिक तथा बाह्य पर्यटकको लर्को लाग्ने गर्दछ । बाँकी..

स्रोत : **https://nepaltvonline.com/2026/01/168766/**

## माटोबाट मूर्ति बनाउने परम्परागत पेसा संकटमा

झापाको भद्रपुर-६ मोतियावारीका विष्णु राजवंशी विगत तीन दशकदेखि माटोसँग खेल्दै देवी-देवताका आकृतिलाई जीवन्त बनाइरहेका छन् । बुबाबाट विरासतमा पाएको मूर्तिकलाको सीपले कुनै समय मेचीदेखि महाकालीसम्म ख्याति कमाएको थियो । बाँकी.. स्रोत : **https://www.ratopati.com/story/538210/the-traditional-profession-of-making-**

## लुम्बिनीमा शुरु भयो व्यवस्थित पर्यटक सूचना केन्द्र

बुद्ध जन्मस्थल लुम्बिनीमा लामो समयपछि व्यवस्थित पर्यटक सूचना केन्द्र सञ्चालनमा आएको छ । लुम्बिनी आउने आन्तरिक तथा बाह्य पर्यटकलाई एकै स्थानबाट आधिकारिक जानकारी, मार्गदर्शन र सेवा उपलब्ध गराउने उद्देश्यले आइतबारदेखि सूचना केन्द्र सञ्चालनमा ल्याइएको हो । पर्यटकको आवतजावत धेरै हुने क्षेत्रलाई केन्द्रमा राखेर निर्माण गरिएको यस केन्द्रले लुम्बिनी भ्रमणलाई सहज, व्यवस्थित र जानकारीमूलक बनाउने अपेक्षा गरिएको छ । बाँकी..

स्रोत : **https://kantipathonline.com/2026/01/31570/**

## पर्वतारोहण पर्यटनमार्फत् नेपाल-क्यानडा सम्बन्ध विस्तारमा जोड

नेपाल र क्यानडाबीचका विविध आयाममाथि चर्चा गर्दै पर्वतारोहण पर्यटनमार्फत नेपाल-क्यानडा सम्बन्ध विस्तारको महत्वबारे अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल-क्यानडा कूटनीतिक सम्बन्ध स्थापना भएको ६१औँ वर्षको अवसरमा आयोजित कार्यक्रममा दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन सरकारी तथा निजी तहबाट गर्नुपर्ने पहलका विषयमा वक्ताहरूले धारणा राखे । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1851653/emphasis-**

## ‘पर्वतारोहण र पर्यटनले नेपाल-क्यानडा सम्बन्धलाई थप सुदृढ बनाएको छ’

सरोकार भएकाहरूले पर्वतारोहण र पर्यटनले नेपाल-क्यानडा सम्बन्धलाई अझ सुदृढ बनाएको धारणा व्यक्त गर्नुभएको छ । नेपाल र क्यानाडाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६१ औँ वर्षगाँठका अवसरमा नेपाल-क्यानाडा मैत्री तथा सांस्कृतिक सङ्घको आयोजनामा आज यहाँ भएको ‘नेपाल क्यानडा सम्बन्ध विस्तारमा पर्वतारोहण पर्यटन’ विषयक अन्तरक्रियामा सरोकार भएकाहरूले दुई देशको सम्बन्ध विस्तारमा पर्यटन क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको बताएका छन् ।

बाँकी.. स्रोत : **https://newspolar.com/archives/399901**

बाँकी.. स्रोत : **https://www.newsabhiyan.com.np/news-details.php?nid=391382**

## ढुम्बा तालमा पर्यटकहरुको चहल-पहल

गतबर्ष माघ महिनामै मुस्ताङको घरपझोङ गाउँपालिका -५, सम्ले गाउँस्थित ढुम्बा ताल जमेर बरफ भएको थियो । अत्यधिक चिसोका कारण मुस्ताङ प्रवेश गरेका पर्यटकलाई समेत तालसम्म पुग्न हम्मे-हम्मे हुन्थ्यो । यसबर्ष माघ महिनाको पहिलो सातासम्म तालसम्म सहजै पर्यटक पुगेका छन् । जमेर बरफ हुनुपर्ने ताल अहिले निलो रङमा सलल बगेर पर्यटकलाई आर्कषित गरिरहेको छ । बाँकी..

स्रोत : **https://gorkhapatraonline.com/news/188879**

## संरक्षण अभावले सङ्कटमा ऐतिहासिक पानी पोखरी

प्राचीन मिथिलाको राजधानी अर्थात् वर्तमान मधेश प्रदेशको राजधानीलाई पोखरी नै पोखरीको सहरले चिन्ने गरिन्छ । यहाँका दर्जनौँ पोखरी अहिले सङ्कटमा छन् । पाँचभन्दा बढी पोखरी लुप्त भइसकेका छन् । जनकपुरधाम उपमहागनरपालिका-३, धनुषाका स्थानीय सुदर्शनलाल कर्ण अहिले ७५ वर्षको हुनुभयो । बाँकी.. स्रोत : **https://gorkhapatraonline.com/news/188871**

## कुमाल बस्तीमा पिउने पानीको समस्या

षडानन्द नगरपालिका-६ मोथेटारस्थित कुमाल बस्ती स्वच्छ पिउने पानीको अभावमा काकाकुल बनेको छ । लामो समयदेखि बस्तीका ५० परिवार पानीको समस्याले पीडित भएका हुन् । पानी अभावका कारण स्थानीयलाई बिहानबेलुका पानीको जोहो गर्न घण्टौँ खर्चिनुपर्ने बाध्यता छ भने पर्याप्त पानी नहुँदा सरसफाइ र स्वास्थ्यमा समेत असर परेको छ । बाँकी..

स्रोत : **https://gorkhapatraonline.com/news/188859**

## सिरहाका प्रमेन्द्र : सिभिल इन्जिनियरिङ पढेका मूर्तिकार

सपना कस्को हुँदैन ? कोही डाक्टर बन्न चाहन्छ, कोही इन्जिनियर त कोही अन्य पेशामा सफलता खोज्छ । तर नेपालमा रोजगारी र सीपको अभावका कारण आज पनि धेरै युवा विदेशिन बाध्य छन् । यही यथार्थबीच युवाका लागि उदाहरणीय पात्र बनेका छन सिरहा नगरपालिका-३, मखनाहाका २३ वर्षीय प्रमेन्द्र कुमार मण्डल । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1855425/pramendra-**

## चिसो छल्न बस्ती छाडेपछि सुनसान छ खुम्बू क्षेत्र

हरेक वर्षको हिउँदयाममा खुम्बू क्षेत्र सुनसान बन्ने गर्छ । यहाँका स्थानीयहरु चिसो छल्न बेँसी झर्ने भएकाले हिउँदयाममा खुम्बूक्षेत्र सुनसान बन्ने गरेको हो । पर्यटकीय यामका बेला पर्यटकको चहलपहलले गुल्जार रहने लुक्ला, नाम्चे, खुम्जुङ, खुन्दे, फाक्दिङ, लोबुचे, गोरक्सेप जस्ता स्थानहरू अहिले सुनसान रहने गर्छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/01/1851789/election-code-of-**

## मनास्लु क्षेत्रमा बढ्यो पर्यटकको चहलपहल

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकास्थित मनास्लु संरक्षण क्षेत्रमा विदेशी पर्यटकको चहलपहल बढेको छ। हिमाली भेगमा कठ्याङ्ग्रिने जाडो, हिमपात र चिसो हावाको विषम परिस्थितिमा पनि बाह्य पर्यटकको निरन्तर चहलपहलले मनास्लु क्षेत्रको पर्यटन गतिविधि चलायमान बनेको छ। बाँकी..

स्रोत : **https://gorkhapatraonline.com/news/188568**

## लोकभजनमा मालारानीको प्रवर्द्धन

धार्मिक तथा सांस्कृतिक पहिचान बोकेको अर्घाखाँचीको मालारानी क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण गरिएको 'मालारानी' लोकभजन सार्वजनिक भएको छ । स्थानीय आस्था, संस्कृति र प्राकृतिक सौन्दर्यलाई गीत-संगीतमार्फत उजागर गर्ने लक्ष्यले भजन बनाइएको हो । सुमन खनालको परिकल्पनामा तयार भएको उक्त भजनमा लोकप्रिय गायक तथा सर्जक मोतिराज खनालको शब्द, संगीत र स्वर छ । बाँकी..

स्रोत : **https://janaaastha.com/story/175577**

## एरिकाले वर्ल्ड कराते लिग खेल्ने

नेपालकी कराते स्टार एरिका गुरुङले ब्लुकेएफ कराते वान प्रिमियर लिगमा प्रतिस्पर्धा गर्नुहुने भएको छ । टर्कीको राजधानी इस्टानबुलमा हुने डब्लुकेएफ कराते वान प्रिमियर लिगमा सहभागिता जनाउन एरिकासहित राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक कुशल श्रेष्ठ र अन्तर्राष्ट्रिय रेफ्री तारा गुरुङको टोली मङ्गलबार इस्तानबुल जानुहुनेछ । बाँकी.. स्रोत : **https://gorkhapatraonline.com/news/188733**

## १६५ निर्वाचन क्षेत्रमा ३४ सय ८४ उम्मेदवार

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्रमा ३ हजार ४८४ जनाले उम्मेदवारी दिएका छन्। ६८ राजनीतिक दलका तर्फबाट २ हजार २९७ र स्वतन्त्र रूपमा १ हजार १८७ जनाले मंगलबार मनोनयन दर्ता गरेका हुन्। प्रतिनिधिसभाका अघिल्ला दुई निर्वाचनको तुलनामा यस पटक बढी उम्मेदवारी परेको हो। बाँकी.. स्रोत : **https://ekantipur.com/politics/2026/01/21/3484-**

## जहाँ हरेक आमाहरू 'गोताखोर' बन्छन्

कोरियाको सबैभन्दा ठूलो टापु- जेजु टापु, जुन बुसान शहरबाट झण्डै ३०० किलोमिटर टाढा छ । स-साना वस्ती । निकै कम आवादी । निधार चुम्न झरेका हिउँदका पारिला घाम उसले हत्केलाले छेकि । र, एउटा आँखा चिम्स्याउँदै फर्किइ, 'कोरियन सी फुड खा'छौं' अपर्झट उसको प्रश्न तेर्सियो । हामी दायाँपट्टि रहेको 'के-पप-कोरियन फुड एण्ड रेस्ट्रो' अगाडि उभिएका थियौं । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1854135/where-every-mother-**

## ‘खुशीको गाउँ’ : पीडाको शिविरभित्र ‘खुशी’ को खोजी

साहित्य यस्तै रुने, हाँस्ने, उड्ने मन र वैराग्यता पैदा गर्ने सिर्जनाको साधन हो । ‘खुशीको गाउँ’ ले पनि धेरैलाई वैरागी बनाउनेछ, उडाउनेछ, रुवाउनेछ र हँसाउनेछ भन्ने मलाई लाग्छ । साहित्य सम्बन्धमा घटनाको प्रत्यक्ष अवलोकनले मस्तिष्कमा गहन प्रभाव पार्दछ । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2025/11/1809860/village-of-happiness-the-sear**

## एक्लिए भल्द, च्याङ्फामय गाउँघर

‘यसको साथी खै त ? किलो मात्र छ ।’ केही महिनाअघि भल्द मरेको दुःखद् समाचार दुर्गी चौधरीले सुनाइन् । जुन भल्द बाँधेको किला उखेलिएको थिएन । खेतबारीमा च्याङ्फा पस्यो । च्याङ्फाले रोल्पा रुकुमबाट भल्द खेद्यो, दाङबाट बर्ढा। नेपालबाट गोरु खेद्यो । च्याङ्फाले गोरु खेद्यो । सायद केही वर्षभित्रै भकारा र खेतबारीबाट गोरु गायब हुनेछन् । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2025/11/1809329/alone-in-the-fore**

## क्यामेरा बोकेर पशुपन्छी पछ्याउँदै हिंडेका एक यायावर

‘जीवजन्तुमा भालेहरू किन सुन्दर हुन्छन् ? किन नाच्छन् ? जंगलमा पैसा वा आकर्षणको कुरा छैन, फेरि एक्लै गीत गाउने चरा किन टुप्पोमा बस्छ ?’ फुर्सद पाएर होइन फुर्सद मिलाएरै वनजंगल दौडिरहेका हुँदा हुन्, ददि सापकोटा । कहिले बाघको बाटो ढुकेर, कहिले मयुर खेल्ने झाडीभित्र लुकेर, कहिले हात्ती आउने समय पर्खेर उनले आफ्नो थुप्रै याम बिताएका छन् । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2025/11/1813062/a-nomad-carrying-a-camera-**

## स्याङ्जाका फणिनारायणको सुन्तलामा तरक्की

फणिनारायणको बारीभरि लटरम्म सुन्तला फलेका छन् । उनले उत्पादन गरेको सुन्तला काठमाडौंको भाटभटेनी, बल्खु र नारायणघाटसम्म पुग्छ । स्याङ्जा अर्जुनचौपारी गाउँपालिका-१ थापाथोकका कृषक फणिनारायण अर्यालको बारीभरि लटरम्म सुन्तला फलेका छन् । उनले ८० रोपनी जग्गामा सुन्तला खेती गरेका छन् । ‘खेतलाई बारी बनाएर सुन्तलाको बेर्ना लगाएको थिएँ । सुन्तलाले जित्यो,’ उनले भने ।। बाँकी.. स्रोत : **https://www.onlinekhabar.com/2026/01/1854131/progress-in-oranges-of-**

## आम जनताको संघर्षलाई अपमान गर्छ एकान्त शर्माको किताबले

नेपालको सन्दर्भमा ‘नेपालीपन‘, ‘नेपाली राष्ट्रियता‘ वा ‘राष्ट्रवाद‘ एउटा ठोस, बनिबनाउ, अन्तिम सत्य वा इतिहासमा नै पहिल्यैदेखि उपलब्ध भएको र पछि राजनीतिक प्रक्रियामा गुमेको राष्ट्रवाद भन्ने त्यस्तो केही पनि छैन । बाँकी.. स्रोत : **https://www.onlinekhabar.com/2026/01/1854127/ekant-sharmas-book-**

## म्यानमारको गुम्बामा नेपाली सहयोगको अर्थ

२८ पुसको नेपाल सरकारको मन्त्रिपरिषद्को बैठकले मित्रराष्ट्र म्यानमारमा गत वर्ष गएको भूकम्पबाट क्षतिग्रस्त महामुनि फैया (बौद्ध प्यागोडा) को अभिलेखालय र गंगाघाट मन्दिरको पुनर्निर्माणका लागि तीन लाख ५० हजार अमेरिकी डलर सहयोग उपलब्ध गराउने निर्णय गऱ्यो । २८ मार्च २०२५ मा म्यानमारको दोस्रो ठूलो सहर मन्डालयनजिकै केन्द्रबिन्दु रहेको भूकम्पबाट म्यानमारमा मात्र पाँच हजार ३५२ जनाको मृत्यु भएको थियो भने छिमेकी थाइल्यान्डमा १०३ जनाले ज्यान गुमाएका थिए । बाँकी.. स्रोत : **https://nepalnews.com/2026/01/20/the-meaning-of-nepali-assistance-to-**

## PM Karki extends best wishes on Sonam Lhosar

Prime Minister Sushila Karki has extended her best wishes on the occasion of Sonam Lhosar. in a message issued today, the Prime Minister said, "I extend my heartfelt best wishes on the auspicious occasion of Sonam Lhosar–286, Ta Lho (Year of the Horse), the national cultural festival of indigenous communities, including the Tamang people of the mountain and hilly regions. बाँकी..

स्रोत : **https://thehimalayantimes.com/kathmandu/pm-karki-extends-best-wishes-on-sonam-lhosar**

## People participate in celebration of Sonam Lhosar festival in Kathmandu, Nepa

Women in traditional attire from the Tamang community participate in a celebration of the Sonam Lhosar festival in Kathmandu, Nepal, Jan. 19, 2026. Sonam Lhosar is observed as the lunar new year by the Tamang community, an ethnic indigenous group living in Nepal. बाँकी..स्रोत

**https://english.news.cn/asiapacific/20260119/956f002986eb4d4992632353077301be/c.html**

## How support groups could revolutionise mental health care

When we think about mental health support, we usually think of individual counselling and therapy, where a counsellor and client work one-on-one to address personal struggles and emotional challenges. Then, the focus often shifts to group sessions, where a larger number of individuals come together in a collective setting. बाँकी.. स्रोत : **https://kathmandupost.com/art-culture/2026/01/20/how-support-groups-could-revo**

## Tourism Beyond Talk, Into Action

This scribbler recently received platinum opportunities—remember, this metal is even more precious than gold, which itself is climbing toward Sagarmatha-like heights in price—to closely observe the strengths, weaknesses, opportunities, and challenges facing Nepal’s tourism sector. बाँकी..

स्रोत : **https://risingnepaldaily.com/news/74521**

## Tourism In Winter

Tourism forms about 6.7 per cent of Nepal's GDP and creates a multitude of employment opportunities throughout the country. With such a strong significance, it has become one of the central pillars of Nepal’s identity and economy. However, the winter season poses a number of challenges in regard to tourism in Nepal. बाँकी..

स्रोत : **https://risingnepaldaily.com/news/74512**

## नेपाल-भारतबीच निकासी गरिने वस्तु आइपुग्नु अघि सूचना आदान-प्रदानसम्बन्धी सम्झौता

अब नेपाल र भारतबीच निकासी गरिने वस्तु आइपुग्नु अगावै दुई देशले एकअर्कामा सूचना आदानप्रदान गर्नुपर्ने भएको छ। यसका लागि बुधबार भारतको नयाँ दिल्लीमा नेपाल र भारतबीच समझदारी पत्रमा हस्ताक्षर भएको छ । जसलाई 'नेपाल र भारतबीच निकासी गरिने वस्तु आइपुग्नु अगावै सूचना आदानप्रदान गर्ने सम्बन्धी समझदारी' नाम दिइएको छ । बाँकी..

स्रोत : **https://ekantipur.com/business/2026/01/21/agreement-between-nepal-**

## अब नेपाल र भारतबिच निकासी गरिने वस्तुको सूचना आदानप्रदान

नेपाल र भारतबिच हुने वैदेशिक व्यापारमा निकासी गरी वस्तु आइपुग्नुअगावै सूचना आदानप्रदान गर्ने समझदारी भएको छ। वस्तुको आगमन पूर्वसूचना आदानप्रदान गर्दै जोखिम व्यवस्थापनमार्फत व्यापार सहजीकरण गर्न प्रमुख व्यापारिक साझेदार मुलुकबिच निकासी गरिने वस्तुको अग्रिम रूपमा तथ्यांक आदानप्रदान गर्ने अन्तर्राष्ट्रिय अभ्यास रहँदै आएको छ। बाँकी..

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/186918/2026-01-23**

## चुनावका लागि भारतबाट आइपुगे ६१ वटा गाडी

फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनका लागि भारतले सहयोग गर्ने भनिएका ३८८ मध्ये ६१ वटा काठमाडौं आइपुगेका छन् । काठमाडौं आइपुगेका गाडी मंगलबार भारतको तर्फबाट हस्तान्तरण गर्न लागिएको गृह मन्त्रालयका प्रवक्ता (सहसचिव) आनन्द काफ्लेले रातोपाटीलाई बताए । बाँकी..

स्रोत : **https://www.ratopati.com/story/538640/61-veh**

## भारत र यूरोपेली संघ अहिलेसम्मकै महत्वपूर्ण व्यापार सम्झौताको तयारीमा

युरोपेली परिषद्का अध्यक्ष एन्टोनिओ लुइस सान्तोस डी कोस्टा र युरोपेली आयोगकी अध्यक्ष उर्सुला फोन देर लायन आउँदो सोमवार भारतको गणतन्त्र दिवसको समारोहमा मुख्य अतिथिका रूपमा उपस्थित हुनेछन् । राजकीय भोज र औपचारिक कार्यक्रमको भव्यता बाहेक यी दुई नेताहरूको भ्रमणमा अझ महत्वपूर्ण विषय पनि छ- एशियाको तेस्रो ठूलो अर्थतन्त्रसँग स्वतन्त्र व्यापार वार्ता अघि बढाउनु । बाँकी...

स्रोत : **https://www.bbc.com/nepali/articles/cgqeg7x9dz4o**

## विश्व सम्बन्धमा आयाम

समकालीन विश्व निरन्तर सङ्क्रमणकालमा छ । चालु विश्व इतिहास स्थान तथा समयको परिवेशमा गतिशील छ। त्यसैले दोहोऱ्याएर भनिँदै आएको मानव समाज सिकारी चरणबाट आज सङ्गठित अवस्थामा राष्ट्र-राज्य वा राज्य-राष्ट्रको अवधारणागत परिधिमा स्थिरता खोजेको छ। राजनीतिक व्यवस्था, अव्यवस्था र पुनर्व्यवस्थाको चक्र पनि विश्व मञ्चसँग मिल्दोजुल्दो छ कि छैन । बाँकी..

स्रोत : **https://gorkhapatraonline.com/news/189089**

## हरि बुढा बने विश्वकै पहिलो 'डबल एम्प्युटी' सेनभ समिट आरोही, अपांगता सचेतनामा नयाँ इतिहास

रोल्पा, थवाङका हरि बुढाले संसारका सात उच्च हिमालको आरोहण (सेभेन समिट) सम्पन्न गर्दै विश्व किर्तिमान कायम गरेका छन् । जनवरी २०२६ मा अन्टार्कटिकाको सर्वोच्च शिखर माउन्ट भिन्सनमा आरोहण सम्पन्न गरेपछि उनी खुशी साट्न सिधैं नेपाल आएका हुन् । शिखर माउन्ट भिन्सनमा सफल आरोहण गरेका बुढा सँगै उनका गाइड मिङ्मा शेर्पा र अफिसियल फोटो पत्रकार अबिरल राई पनि उपस्थित थिए । बाँकी.. स्रोत : **https://www.ajakoartha.com/story/137576**

## भूराजनीतिक शक्ति प्रतिस्पर्धाको चपेटामा नेपाल

भूराजनीतिमा कुनै पनि शक्तिसम्पन्न वा विपन्न मुलुकको परराष्ट्र नीति र त्यसको प्रभावको अध्ययन गर्ने तरिकालाई लिइन्छ। क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा भूगोल,जलवायु, जनसंख्या, प्राकृतिक स्रोत लगायतका वर्तमान र भविष्यमा हुने र भइरहेको घटनाहरू भूराजनीतिमा जोडिने गर्छन् । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1851270/nepal-in-the-gri**

## भारतका स्वास्थ्यकर्मीमा निपाह भाइरस संक्रमण, नेपाल कति सुरक्षित ?

निपाह भाइरस मानिसबाट मानिसमा सर्नु सबैभन्दा चिन्ताजनक विषय मानिन्छ । केही दिनअघि भारतमा निपाह भाइरस संक्रमण पुष्टि भएको छ। चाखलाग्दो कुरा संक्रमितमध्ये स्वास्थ्यकर्मी ( नर्स र चिकित्सक ) पनि छन् । संक्रमित मध्ये कतिपयको आईसीयूमा राखेर उपचार भइरहेको छ । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1853201/nipah-viru**

## India hands over first tranche of election assistance to Nepal

India on Monday handed over the first tranche of election-related assistance to Nepal as part of its support for the country's preparations for the upcoming elections. At a ceremony held at the Ministry of Home Affairs, the Charge d'Affaires a.i. of the Embassy of India in Kathmandu, Dr. Rakesh Pandey, formally handed over more than 60 double-cab pickup vehicles and other supplies to Home Minister Om Prakash Aryal. बाँकी.. स्रोत : **https://thehimalayantimes.com/kathmandu/india-hands-over-first-**

## प्रजातन्त्रका अथक योद्धा

मजस्ता धेरै स्वतः प्रजातन्त्रप्रति जिज्ञासु र समर्पण भाव भएका युवामा प्रजातन्त्रप्रतिको समर्पणलाई ऊर्जा थपेर २०३० र ४० को दशकका बेलाको सबैभन्दा जोखिमपूर्ण कर्म पत्रकारितामार्फत समाज रूपान्तरणका लागि उत्प्रेरित गर्ने आदरणीय व्यक्तित्व जो आफैँ जीवनभर मात्र समाज रूपान्तरणमा मात्र लाग्नु भयो होमनाथ दाहाल जसलाई हामी युवा होमनाथ दाइ भन्ने गर्थ्यौं । बाँकी..

स्रोत : **https://gorkhapatraonline.com/news/188947**

## सिस्टम (ले) नचल्ने देश !

जग्गाको तिरो बुझाउन वडा कार्यालयमा छु । मेरो घडीमा विहानको १० बजेर केही मिनेट मात्रै गएको छ । कार्यालयमा १ जना कर्मचारी छन् । मैले आफ्नो काम बताएपछि उनले भने 'सचिव आउनुभएको छैन ।' एकछिनपछि उनले मसँग कागजात मागेर कम्प्युटरमा विवरण राख्न लागे । २५ मिनेट गएपछि एक कर्मचारी आए र विद्युतिय हाजिरीमा बुढी औँला घुसारे । बाँकी..

स्रोत : **https://www.nepalviews.com/story/414982/a-country-where-the-**

## कांग्रेसको आन्तरिक लोकतन्त्र : गगन र विश्वले खोलेको 'जाम'

प्रश्न कांग्रेस फुट्यो कि फुटेन भन्ने होइन । प्रश्न हो- सबै दलहरु अब आन्तरिक लोकतन्त्रको अभ्यास गर्न तयार छन् ? जाम खोल्दा भ्वाङ देखिनु पीडादायक हुन सक्छ, तर त्यस भ्वाङबाट नयाँ बहाव निस्कन सक्छ । यदि त्यसलाई सुधार र पुनर्संरचनाको अवसरका रूपमा लिइयो भने यही संकट नयाँ राजनीतिक संस्कारको सुरुवात पनि बन्न सक्छ । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1854246/internal-democracy-in-t**

## कम्युनिस्टहरू विदेशी देखाउँथे, अब त कांग्रेस पनि

अवकाश उन्मुख नेताहरूले बुझ्नुपर्ने कुरो के हो भने, मतदाताहरू धेरै शिक्षित र सचेत भइसके । आफ्नो थैलो राम्ररी नबाँध्ने, छिमेकीलाई चोरदोष लगाएर हुन्छ र भन्या ? हेर्दाहेर्दै असान्दर्भिक भए शेखर कोइराला । एकातिर परिवर्तनको शंखघोष गर्ने गगन थापा र विश्वप्रकाशहरू, अर्कातिर पुरानै सत्ताशक्ति जसरी पनि बचाइराख्ने शेरबहादुर देउवा । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1850035/communists-**

## राजनीतिमा नैतिक मूल्य

राजनीति र लोकतन्त्र एकअर्काका परिपूरक हुन । खुला राजनीतिमा मात्र लोकतन्त्र सम्भव हुने हुनाले राजनीतिक पार्टीको संस्थागत विकास हुनु लोकतन्त्रको सुदृढीकरण हुनु हो । राजनीतिक पार्टीमार्फत नै राजनीतिकर्मीको जन्म हुन्छ । सामान्य अर्थमा कुनै राजनीतिक व्यवस्थाभित्र संवैधानिक संरचना र चुनाव वा क्रान्तिको माध्यमबाट राज्यशक्ति प्राप्त गर्ने र त्यसको अभ्यास गर्ने उद्देश्यले खडा भएको सङ्गठित समूहलाई नै राजनीतिक पार्टी भनिन्छ। बाँकी.. स्रोत : **https://gorkhapatraonline.com/news/188954**

## नागरिक विवेकको परीक्षा

फागुन २१ को निर्वाचन सुनिश्चित भएको छ । अब देश निर्वाचनको राजमार्गमा हिँडिसक्यो । जेनजी विद्रोहपछि विघटित सरकारको स्थानमा नयाँ सरकार गठन गर्दा संसद् विघटन हुँदा संविधानका धाराले प्रस्ट रूपमा साथ दिएका थिएनन् । आन्दोलनको वैधताको जगमा उभिएर नयाँ सरकार गठन गरी निर्वाचन मिति तय भएको थियो । यो मितिमा निर्वाचन नहुँदा देश फेरि 'ब्ल्याक होल' मा फस्ने चिन्ता पनि थियो । माघ ६ गतेको उल्लासमय मनोनयन र त्यसपछि उम्मेदवारको क्रियाशीलता हेर्दा त्यो चिन्ता पूर्ण रूपमा हटेको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/189371**

## प्रत्यक्ष निर्वाचनमा महिलालाई न्यून स्थान, नेत्रीहरू भन्छन्, 'चित्त दुख्छ तर...'

प्रतिनिधिसभा चुनावमा प्रत्यक्षतर्फ उम्मेदवारी दर्ता गर्ने महिलाहरूको सङ्ख्या निराशाजनक देखिएको भन्दै नेत्रीहरूले कानुनमै बाध्यात्मक व्यवस्था नहुँदासम्म महिलाको उपस्थिति सम्मानजनक हुने नदेखिएको बताएका छन्। निर्वाचन आयोगले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कअनुसार प्रत्यक्षतर्फको १६५ क्षेत्रमा कुल उम्मेदवार ३,४८९ रहेकामा ३९६ मात्रै महिला छन्। बाँकी...

स्रोत : **https://www.bbc.com/nepali/articles/cpdy686qjxyo**

## Tribute to martyr Shukraraj Shastri

A memorial gathering was organized at Teku, Kathmandu in honour of martyr Shukraraj Shastri who sacrificed his life for the sake of establishment of democracy. today is the first day of the martyrs' week observed annually in the country. acting Mayor of Kathmandu Metropolitan City, Sunita Dagol, other officials and locals made floral offer to a statue of martyr Shastri. बाँकी...

स्रोत : **https://english.nepalnews.com/s/nation/tribute-to-martyr-shukraraj-shastri/**

## Nurturing culture and creativity

Today, with global warming and mass consumption, one often feels helpless. The country is importing more than it can afford, domestic production is stalled, meaningful jobs are hard to come by, pollution is rampant, and waste is everywhere, with microplastics invading even our organs. बाँकी...

स्रोत : **https://kathmandupost.com/columns/2026/01/25/nurturing-culture-and-creativity**

## मतदाताको विवेकमा निर्वाचन

नेपालले व्यावहारिक रूपमा सङ्घीय शासन प्रणालीअन्तर्गत स्थानीय तह (स्थानीय सरकार)को अभ्यास गरेको विक्रम संवत् २०७९ वैशाख ३१ गते पाँच वर्ष पूरा भएर छैटौँ वर्षमा प्रवेश गर्दै छ। ३ असोज २०७२ मा नयाँ संविधान घोषणा भएसँगै मुलुक सङ्घीय संरचनामा बदलिएपछि पहिलो पटक स्थानीय तहको निर्वाचन २०७४ वैशाख ३१, असार १४ र असोज २ गते गरी तीन चरणमा भएको थियो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/11563**

## निर्वाचनमा नैतिक प्रतिस्पर्धा

नेपालमा देखिएको शासकीय विकृति विसङ्गतिप्रति असन्तुष्ट नेपाली जनताको प्रतिनिधित्व गर्दै जेनजीले गरेको दुई दिने आन्दोलनको कारण तत्कालीन सरकार तथा संसद् विघटन भई नयाँ सरकार बनेको पनि दुई महिना पूरा भएको छ। आगामी फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति तोकिएको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/179952**

## शिक्षामा प्रतिभा व्यवस्थापन

व्यक्तिमा अन्तर्निहित ज्ञान, सिप, दक्षता, अनुभव, क्षमता र सम्भावना नै समष्टिमा प्रतिभा हो । सङ्गठनको उद्देश्य प्राप्तिका लागि व्यक्तिमा अन्तर्निहित प्रतिभा र सम्भावनाको समुचित पहिचान गर्ने, प्रतिभा प्रस्फुटनको वातावरण तयार गर्ने, साङ्गठानिक उद्देश्य प्राप्तिमा उपयोग गर्ने, उचित क्षतिपूर्तिको व्यवस्था र सेवाकालको अन्त्यमा ज्ञान, सिप र संस्थागत स्मरणको सुरक्षित हस्तान्तरण गर्नेलगायत कार्यको एकीकृत रूप प्रतिभा व्यवस्थापन हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/189367**

## मतदाता शिक्षा लोकतन्त्रको ऊर्जा

जेनजी आन्दोलनको प्रभाव स्वरूप सङ्घीय चुनाव नजिकिँदै जाँदा मतदाता शिक्षाले निर्णायक भूमिका खेल्ने छ । मतदाता शिक्षाले नै चुनावी परिणामलाई वास्तविक आकार दिनका लागि उत्प्रेरक भूमिका निर्वाह गर्न सक्छ । हाम्रो परिवेशमा राजनीतिक सङ्क्रमण, सङ्घीय पुनर्संरचना र शासन व्यवस्थाको चुनौतीका रूपमा मतदाता शिक्षा केवल साक्षरता र औपचारिक शिक्षासँग मात्र सम्बन्धित विषय होइन । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/189231**

## महिला समूहलाई नौमती बाजा बजाउन भ्याइनभ्याई

तुलसीपुर उपमहानगरपालिका-४ मजुवाका मुना ओलीलाई बाजा बजाउन भ्याइनभ्याई छ । जिल्लामा हुने विभिन्न सभा सम्मेलन, बिहे, पूजाआजामा बाजा बजाउन उहाँलाई भ्याइनभ्याई भएको हो । नौमती बाजा बजाउनेमध्ये एक उहाँ समूहमा बाजा बजाउँदै हिँड्नुहुन्छ । महिला पनि अगाडि बढ्नुपर्छ भन्ने सोचले आफू बाजा बजाउँदै समूहमा हिँड्ने गरेको उहाँको भनाइ छ । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/189400**

## राष्ट्रिय सभा निर्वाचन : सातै प्रदेशमा मतदान सुरु

राष्ट्रियसभामा रिक्त सदस्य चयन गर्न मतदान सुरु भएको छ । २०८२ फागुन २० गतेदेखि राष्ट्रियसभामा १७ सिट (सदस्य) रिक्त रहेको छ । यसका लागि बिहान ९ बजेदेखि मतदान सुरु भएको निर्वाचन आयोगले जनाएको छ । मतदान आज दिउँसो ३ बजेसम्म जारी रहने आयोगका प्रवक्ता नरायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । रिक्त हुने १८ पदमध्ये कोशी प्रदेशमा खस आर्यतर्फको एउटा पदमा निर्विरोध भएको थियो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/189396**

## सशस्त्र प्रहरी बल: लोकतन्त्रमै जन्मियो, हुर्कियो

सशस्त्र प्रहरीले अनेक आरोहअवरोह पार गर्दै २५ वर्ष पार गरेको छ । सशस्त्र प्रहरी बलले २५ वर्ष पूरा गरेको अवसरमा शुक्रबार विविध कार्यक्रमसहित बधाई आदानप्रदान गरिएको छ । २०५२ सालमा तत्कालीन नेकपा माओवादीले सुरु गरेको सशस्त्र विद्रोह समयक्रमसँगै चर्कंदै गएपछि मुलुकमा अर्धसैन्य फौजको महसुस भयो। माओवादी विद्रोहका कारण शान्ति सुरक्षा कायम राख्न नेपाल प्रहरीलाई कठिन परिरहेको थियो । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/armed-**

## राष्ट्रिय सभा निर्वाचन : मधेशमा सुरु भयो मतदान

मधेश प्रदेशमा राष्ट्रिय सभा सदस्यको लागि मतदान सुरु भएको छ। मधेश प्रदेशबाट रिक्त चार सिटका लागि बिहान ९ बजेदेखि मतदान सुरु भएको हो । महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्रमा मतदान दिउँसो ३ बजेसम्म मतदानको समय तोकिएको छ । प्रदेश सभा सदस्य र स्थानीय तहका प्रमुख तथा उपप्रमुखका लागि छुट्टा-छुट्टै मतदान केन्द्रको व्यवस्था मिलाइएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1856581/national-assembly-**

## सुदूरपश्चिममा महिलाको उम्मेदवारी न्यून

सुदूरपश्चिम प्रदेशमा प्रतिनिधि सभा सदस्य निर्वाचनमा महिलाको उम्मेदवारी न्यून परेको छ। राजनीतिक चेत र क्षमता भएका थुप्रै महिला भए पनि ठुलासहित विभिन्न दलले अर्थपूर्ण अवसर नदिएपछि कमै महिलाले उम्मेदवार बन्ने मौका पाएका छन् । राज्यका हरेक निकायमा महिला सहभागिता ३३ प्रतिशत हुनुपर्ने व्यवस्था संविधानमै छ । यो प्रदेशमा भने प्रतिनिधि सभा सदस्यका लागि ८.५७ प्रतिशत मात्रै महिला उम्मेदवारी परेको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/189246**

## उम्मेदवारको चुनावी एजेण्डा 'पर्यटन विकास'

आगामी फागन् २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारी दर्ता गरेका मुख्य दलका उम्मेदवारले आफ्नो लक्ष्य पर्यटन प्रवर्धनलाई चुनावी एजेण्डा बनाएका छन् । नेकपा एमालेका उम्मेदवार हरिकृष्ण श्रेष्ठले पर्यटकीय हिसाबले महत्त्वपूर्ण म्याग्दीको पर्यटन प्रवर्धनका लागि उचित कानुन निर्माणमा आफ्नो प्रयास हुने बताउनुभयो । बाँकी.. स्रोत : **https://gorkhapatraonline.com/news/188846**

## योग्य उम्मेदवार छान्नुस्

म जन्मेको देशमा बेठिक शासकले शासन गरिरहेको देख्नु परेकाले आत्मा गलित भएर आउँछ । आफ्नै आँखाअगाडि छर्लङ्गै अपराध कर्म भइरहँदा टुलुटुलु हेरेर बस्नुपर्ने अभिशाप हो । घाम लागेको बेलामा हुलका हुल मानिस निर्दोष नागरिकको घरमा पसेर लुटपाट वा डकैती गरिन्छ । अन्त्यमा आगजनी पनि हुन्छ, यसमा राज्य संयन्त्र देखिँदैन । बाँकी.. स्रोत : **https://gorkhapatraonline.com/news/188553**

## निर्वाचन सुरक्षा रणनीति : कुन प्रदेशमा कस्तो थ्रेट ?

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि सम्पूर्ण सुरक्षा तयारी पूरा भएको छ। चुनाव हुने वा नहुने दोधारबीच सरकारको निरन्तर प्रयासपछि तोकिएकै समयमा निर्वाचन सम्पन्न हुने बाटोमा अघि बढेको छ । समानुपातिकतर्फका उम्मेदवारको टुंगो लागिसकेको छ भने प्रत्यक्षका लागि पर्सि मंगलबार मनोनयन हुँदैछ। बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1851613/election-securi**

## कम्युनिष्ट आन्दोलन : विसर्जन र पुनर्जागरणको दोबाटोमा

कम्युनिष्ट दलहरूले युवाहरूलाई नेतृत्व हस्तान्तरण र रूपान्तरण पुनर्जागरणको यो अवसरको रूपमा उपयोग गर्न जरूरी छ। क्रान्तिकारी नेता चे ग्वेभाराले भन्नुभएको थियो- "क्रान्ति भनेको केवल सत्ता परिवर्तन मात्र होइन, समाजको हरेक तहमा न्याय र समानताको स्थापनाको संघर्ष हो ।" बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1852111/the-communist**

## सामाजिक सञ्जालमाथि निगरानी बढाइँदै

नवयुवा (जेनजी) आन्दोलनको पहिलो दिन अर्थात् गत भदौ २३- गते संसद् भवनमा ३० वटा शव लुकाइएको भन्दै सामाजिक सञ्जालमा सनसनीपूर्ण भ्रम फैलाइयो । सामाजिक सञ्जालका केही सक्रिय व्यक्तिले फैलाएको यही भ्रामक सन्देशका कारण उत्तेजित भीडबाट संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवनलगायत सार्वजनिक र सुरक्षा निकायका कैयौं भवन ध्वस्त पारिए । बाँकी..

स्रोत : **https://gorkhapatraonline.com/news/188925**

## दलहरूमा आन्तरिक लोकतन्त्रको विचलन

लोकतन्त्र प्रणाली अपनाइएको देशमा राजनीतिक दललाई लोकतन्त्रको आधार मानिन्छ। दलहरूले पनि आफूलाई लोकतान्त्रिक हौं भनेर पैरवी गर्छन्। व्यवस्थालाई अझ सुदृढ र सशक्त बनाउन दलहरूभित्र आन्तरिक लोकतन्त्रको आवश्यकता पर्छ। दलहरूले आन्तरिक लोकतन्त्रको प्रतिष्ठालाई बचाउन सिद्धान्त, नीति र आदर्शलाई व्यवहारमा कार्यान्वयन गर्ने नीति लिनुपर्छ। बाँकी..

स्रोत : **https://ekantipur.com/opinion/2026/01/22/deviation-of-internal-**

## लोकतान्त्रिक मोर्चामा भएन चुनावी तालमेल, एक अर्काविरुद्ध भिडे नेताहरू

मधेस केन्द्रित दलले गठन गरेको संघीय लोकतान्त्रिक मोर्चामा चुनावी तालमेल हुन सकेन । चुनावको घोषणा हुने बित्तिकै मोर्चाको बैठक बसेर मोर्चामा रहेका दलहरूको बिचमा चुनावी तालमेल हुने निर्णय गरेको थियो । तर अन्तिमसम्म प्रयास गर्दा पनि सहमति हुन नसकेपछि नेताहरू एक अर्काविरुद्ध भिडेका छन् । बाँकी.. स्रोत : **https://www.ratopati.com/story/538992/there-was-no-elector**

## चुनावअघि सन्तुलनको दोसाँधमा नेपालः महाशक्तिहरूको नयाँ रणभूमि र क्षेत्रीय स्थिरताको संकट'

हिमालयको काखमा अवस्थित नेपाल सानो तर रणनीतिक महत्वको राष्ट्र हो । यो देश सदियौंदेखि भारत र चीनजस्ता दुई महाशक्तिबीचको बफर स्टेटको रूपमा रहँदै आएको छ । तर पछिल्ला वर्षहरूमा अमेरिकाको बढ्दो संलग्नतासँगै नेपाल महाशक्तिहरूको प्रतिष्पर्धाको नयाँ रणभूमि बन्दै गएको छ । आगामी २०८२ फागुन २१ मा हुने संघीय निर्वाचन नजिकिँदै गर्दा नेपालले आन्तरिक अस्थिरता र वाह्य प्रभावको दोहोरो संकटसँग जुध्नु परिरहेको छ। बाँकी.. स्रोत : **https://www.abcnepal.tv/posts/299444**

## परीक्षा दिँदै निर्वाचन प्रहरी

फागुन २१ म हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि निर्वाचन प्रहरी भर्ना अन्तर्गत बुधबार लिखित परीक्षा भएको छ । निर्वाचन प्रहरीमा भर्ना हुन दरखास्त दिएकाहरूको गोरखा-१० छेवेटारस्थित खेलकुद मैदानमा भएको लिखित परीक्षामा सहभागी बनेका हुन् । प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती परीक्षामा सफल भएका उम्मेदवाहरूलाई लिखित परीक्षामा सहभागी गराइएको जिल्ला प्रहरी कार्यालय गोरखाका डीएसपी राजकुमार श्रेष्ठले बताए । बाँकी..

स्रोत : **https://ekantipur.com/photo_feature/2026/01/21/election-police**

## आज्ञाचक्र : मनुष्य जीवनको नेता

हामीले बाहिर देख्ने शरीरमा कर्मेन्द्रीय, ज्ञानेन्द्रिय र अन्य अङ्गहरू देख्दछौँ । यसलाई पञ्च महाभूतको अंश भनिन्छ । यस पार्थिव शरीर भित्र अर्को अभौतिक अर्थात् सूक्ष्म शरीर पनि रहेको हुन्छ । सूक्ष्म शरीर भित्र मन, बुद्धि, चित्त, अहङ्कार आदि रहेका हुँदारहेछन् भन्ने कुरा हामीले अनुभव गर्दै वा सुन्दै आएका छौं । यो भौतिक र सूक्ष्म शरीर चलाउन विभिन्न माध्यमबाट ऊर्जाको प्रवाह भइरहेको हुन्छ । बाँकी..

स्रोत : **https://www.ratopati.com/story/539050/ajnachakra-the-leader-of-human-life**

## झापादेखि डडेलधुरासम्म १० निर्वाचन क्षेत्र, जसले ततायो चुनाव

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको मनोनयन दर्ता मंगलबार हुँदैछ । १ सय ६५ वटै निर्वाचन क्षेत्रमा मनोनयन दर्तासँगै मुलुक पूरै निर्वाचनमा होमिँदै छ । पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह प्रतिस्पर्धा गर्ने भनिएको झापा क्षेत्र नम्बर ५ सहित १० वटा क्षेत्रले चुनावी सरगर्मी ह्वात्तै बढाएको छ । बाँकी.. स्रोत : **https://annapurnapost.com/story/492737/**

## 'निर्वाचन लोकतन्त्र सुदृढ गर्ने ऐतिहासिक अवसर'

जेनजी अभियन्ताले आसन्न निर्वाचन मुलुकमा विधिको शासन र लोकतान्त्रिक अभ्यासलाई थप सुदृढ बनाउने ऐतिहासिक अवसर भएको बताएका छन् । उनीहरूले लोकतन्त्र, सुशासन, विकास र राष्ट्रिय एकता सुदृढीकरणका लागि निर्वाचन सफल बनाउनु सबैको साझा दायित्वका रूपमा रहेको धारणा राखे । बाँकी.. स्रोत : **https://www.ratopati.com/story/539220/a-historic-**

## बालेन शाहद्वारा सहिद रमेश महतोको सालिकमा माल्यार्पण

काठमाडौँ महानगरपालिकाका पूर्वमेयर तथा रास्वपाका नेता बालेन शाहले सहिद रमेश महतोको सालिकमा माल्यार्पण गरेका छन् । बलिदानी दिवसको अवसरमा शाहले मधेस आन्दोलनका सहिद प्रति श्रद्धाञ्जली अर्पण गरेका हुन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/538212/balen-sha**

## निर्वाचन आचारसंहिता लागु

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि आइतबार राति १२ बजेदेखि निर्वाचन आचारसंहिता लागु भएको छ। निर्वाचन आयोगले आइतबार रातिदेखि आचारसंहिता लागु गर्ने गरी निर्णय गरेको हो। राष्ट्रिय सभा निर्वाचनसमेतका लागि आचारसंहिता लागु गर्नुपर्ने अवस्थाका कारण साबिकभन्दा यो पटक केही छिटो आचारसंहिता लागु भएको हो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/188524**

## सुशासन, दल र लोकतन्त्र

सुशासन कुनै प्रशासनिक प्रविधि मात्र होइन, यो राजनीतिक नैतिकताको प्रतिफल हो । सुशासन त्यहाँ जन्मिन्छ, जहाँ शक्ति उत्तरदायित्वसँग बाँधिन्छ, जहाँ नीति स्वार्थमाथि विजय हुन्छ, र जहाँ राज्य जनताको सेवक बन्छ- शासक होइन । यस्तो सुशासन निर्माणमा राजनीतिक दलहरूको भूमिका केन्द्रीय हुन्छ, किनकि लोकतन्त्रमा राज्य सञ्चालनको वैचारिक, नीतिगत र नैतिक नेतृत्व राजनीतिक दलहरूले नै गर्छन् । बाँकी.. स्रोत : **https://ekantipur.com/opinion/2026/01/22/deviation-of-internal**

## जेन-जी युगमा पहिचानको राजनीति

नेपालको राजनीतिक इतिहासमा 'पहिचान' सधैं एउटा प्रश्न रहेको छ, शासनको औजार होस् वा अधिकारको आधार। राणाकालीन 'एक देश, एक भेष' देखि आधुनिक 'बहुलवादी संघीयता' सम्मको यात्राले यो प्रश्नलाई निरन्तर परिभाषित गऱ्यो। २०४६ को जनआन्दोलनले यसलाई सार्वजनिक बहसको विषय बनायो, २०६२/६३ को आन्दोलनले संवैधानिक मान्यता दिलायो र माओवादी जनयुद्धले यसलाई राज्य पुनःसंरचनाको केन्द्रीय सिद्धान्तका रूपमा स्थापित गऱ्यो। बाँकी..

स्रोत : **https://ekantipur.com/opinion/2026/01/23/identity-politics-in-the-gen-**

## पूर्वपश्चिम झण्डा मार्च रौतहटलाई हस्तान्तरण

सशस्त्र प्रहरी बल नेपालको पूर्वपश्चिम झण्डा मार्च सर्लाहीबाट रौतहटलाई हस्तान्तरण गरिएको छ । २५ औं सशस्त्र प्रहरी दिवस-२०८२ (रजत) महोत्सवको अवसरमा पूर्वको मेची र पश्चिमको महाकालीबाट सीमा क्षेत्रमा झण्डा मार्च कार्यक्रम सुरु गरिएको थियो । बाँकी..

स्रोत : **https://gorkhapatraonline.com/news/188569**

## तात्दो राजनीति, साँघुरा राष्ट्रिय विकल्प

हामीलाई क्षमताका आधारमा आत्मविश्वासले भरिएको, जीवन र जगत्का बारेमा बुझेको स-साना समस्यालाई तत्काल समाधान गर्दै दिगो योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र देशको मुहार फेर्ने एउटा पुस्ताको खाँचो छ। बाँकी.. स्रोत : **https://ekantipur.com/opinion/2026/01/19/heated-politics-narrow-n**

## उकासियो कालीगण्डकी नदी

मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका अन्तर्गत कालीगण्डकी नदीमा नदीजन्य वस्तु थुप्रिँदा तटीय क्षेत्रमा जोखिम बढ्न थालेको छ। बर्सौंदेखि ढुङ्गा, गिट्टी, बालुवा थुप्रिएर ठुलो क्षेत्रफल बगर बनेको छ। जसले गर्दा नदीले उचाइ लिने क्रममा बस्तीको सतहभन्दा उच्च हुने जोखिमका कारण तटीय क्षेत्र आसपासको खेतीयोग्य जमिन मासिन थालेको छ भने बस्ती नै जोखिममा पर्न थाल्दा स्थानीयले चिन्ता व्यक्त गरेका छन्। बाँकी.. स्रोत : **https://gorkhapatraonline.com/news/188565**

## विप्रेषणको रणनीतिक प्रयोग

नेपालमा विप्रेषण (रेमिट्यान्स) भित्रिने क्रमले रेकर्ड तोड्दै गएको छ । हालै मात्र नेपाल राष्ट्र बैङ्कले घोषणा गरेको आर्थिक वर्ष २०८२/८३ को पहिलो पाँच महिनामा नेपालमा भित्रिने रेमिट्यान्स र कुल विदेशी विनिमय (मुद्रा) सञ्चिति बढेको छ । चालु आवको पाँच महिनामा रेमिट्यान्स आप्रवाह ३५.६ प्रतिशतले बढेको छ। प्रतिवेदन अनुसार चालु आवको पाँच महिनामा आठ खर्ब ७० अर्ब रुपियाँ रेमिट्यान्स भित्रिएको छ । बाँकी.. स्रोत : **https://gorkhapatraonline.com/news/188686**

## नारायणी नदी आसपास चराको संख्या र प्रजातिमा वृद्धि

यस वर्षको जलपक्षी गणनाका क्रममा नारायणी नदी क्षेत्रमा ४२ प्रजातिका चरा भेटिएका छन् । चितवन राष्ट्रिय निकुञ्ज पश्चिम सेक्टरका पक्षी गणना संयोजक डिबी चौधरीले यस वर्ष नारायणी नदी क्षेत्रमा ४२ प्रजातिका चरा भेटिएको जानकारी दिए । बाँकी..

स्रोत : **https://ekantipur.com/news/2026/01/20/increase-in-**

## राजधानीमै ७०० मिटर सडक विस्तार गर्न एक वर्ष

राजधानीको व्यस्त सडक चक्रपथको महाराजगन्ज-चप्पल कारखानासम्मको सडक खण्ड लामो समयदेखि 'धुलाम्य र हिलाम्य' अवस्थामा छ । गत फागुनमा सडक विस्तार थालिएको यो खण्ड समयमै नबन्दा दैनिक हजारौं यात्रु र स्थानीय बासिन्दाले सास्ती खेप्दै आएका छन् । बाँकी..

स्रोत : **https://www.ratopati.com/story/537948/one-year-to-expa**

## तनहुँ, बागलुङ र पाल्पाका यी हुन् महिला उम्मेदवार

राजनीतिक दलका नेताहरूले समावेशीतालाई आफूहरूले जोड दिएको बताए पनि व्यवहारमा त्यो पूर्ण रूपमा रुपान्तरण भएको छैन । संविधानमा महिलालाई गरिएको व्यवस्था कार्यान्वयन नभएकाले आफूहरू मैदानमा उत्रिएको उनीहरूले बताएका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँबाट चार जना महिला प्रतिस्पर्धा गर्दै छन् । बाँकी..

स्रोत : **https://nepalnews.com/2026/01/22/these-are-the-**

## घरेलु उद्यममा व्यस्त भोजपुरका दुई दिदीबहिनी

भोजपुरका दुई दिदीबहिनीले पछिल्ला चार दशकभन्दा बढी समयदेखि परम्परागत ऊनी कपडा बुन्ने घरेलु उद्योग सञ्चालन गर्दै आएका छन् । आधुनिक प्रविधि र रेडिमेड कपडाको बढ्दो प्रयोगका बीच पनि परम्परागत सीपको संरक्षण र पुस्तान्तरण गर्ने उद्देश्यले रसिला ताम्राकार र हीरामाया ताम्राकारले ४२ वर्षदेखि निरन्तर रूपमा यो पेसालाई जीवित राख्दै आएका हुन् । बाँकी..

स्रोत : **https://nepalnews.com/2026/01/22/two-sisters-from-bhojpur-busy-with-home-business/**

## नारीकेन्द्रित उपन्यास 'कुन्ती'

शिक्षक तथा पत्रकार हरिविनोद अधिकारीको नवीनतम औपन्यासिक कृति प्रकाशनमा आएको छ, 'कुन्ती' । नेपाली आख्यान विधामा पौराणिक पात्रको नाममा सार्वजनिक 'कुन्ती' आत्मालाप शैलीमा लेखिएको छ । महाभारतका अनेकन् पात्रमध्ये एक हुन्- कुन्ती । उनी महाभारतकी मातृपात्र हुन् । उनी वासुदेवकी बहिनी हुन् । कर्णकी आमा हुन् । कुन्ती भरतवंशी पाण्डुकी पत्नी हुन् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/189258**

## शिक्षकमा हुनुपर्ने आधारभूत ज्ञान

अध्यापन वा पठनपाठन गर्ने काम शिक्षण कला हो । यो कला व्यक्तिपिच्छे फरक हुन्छ । अनुभवका हिसाबले विगत करिब ३६/३९ (विसं २०४३-२०४६) वर्ष अगाडिको कुरा हो । त्यस बखत मैले माध्यमिक तहमा गणित तथा विज्ञान विषय पठनपाठन गराउँदै आइरहेको थिएँ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/189229**

## Internal Democracy Ensures Parties' Future

In countries that have adopted a democratic system, political parties are considered the key actors of democracy. Political parties often engage in debates and advocacy claiming that they themselves are democratic. बाँकी..

स्रोत : **https://risingnepaldaily.com/news/74523**

## Nepal’s Democratic Resilience And Promise

Nepal has once more given an example to the global community by establishing democratic values and practices, putting the country at the forefront. बाँकी..

स्रोत : **https://risingnepaldaily.com/news/74410**

## Restore Functional Efficacy Of State

As a policy researcher, this author had the opportunity not long ago to discuss issues related to the implementation of federal governance with provincial assembly members and local government authorities in certain provinces of the country. बाँकी..

स्रोत : https://risingnepaldaily.com/news/74471

## Election: A Crucial Test For Voters

Nepal is all set for the parliamentary election scheduled for March 5, 2026. this is an early election, held three years after the last parliamentary elections in 2022. बाँकी..

स्रोत : **https://risingnepaldaily.com/news/74416**

## Cricket beyond the NPL

These days, there is widespread satisfaction among people over the success of the second edition of the Nepal Premier League (NPL), the biggest national cricket tournament event ever organised in the country. it is not only the cricket lovers who are proud of the NPL. बाँकी..

स्रोत : **https://kathmandupost.com/columns/2026/01/19/cricket-**

## इनड्राइभका ड्राइभर पार्टनर्सका लागि सुरक्षा तालिम

विश्वव्यापी मोबिलिटी तथा अर्बन सर्भिस प्लेटफर्म इनड्राइभले “इनड्राइभसँग सुरक्षित यात्रा तपाईंको रोजाइमा अभियान अन्तर्गत आफ्ना ड्राइभर पार्टनर्सका लागि विशेष सुरक्षा तालिम आयोजना गरेको छ । बाँकी.. स्रोत : **https://nagariknews.nagariknetwork.com/Bazar/safety-training-for**

## ३६ देखि ५० वर्ष उमेर समूहका उम्मेदवार धेरै

प्रत्यक्ष तर्फबाट निर्वाचित हुने १६५ सदस्यका लागि सिटका लागि ३ हजार ४८४ जनाको उम्मेदवारी परेको छ । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार कुल उम्मेदवारमध्ये महिलाको संख्या ३९५ र पुरुषको संख्या ३ हजार ८८ रहेको छ । उमेरका दृष्टिमा ३६ देखि ५० वर्ष उमेर समूहका उम्मेदवार बढी छन् । बाँकी..

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1854189/many-candidates-are**